पूर्वखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ पूर्वखोला पौष २६, २०८१ साल संख्याः १

## सुर्तीजन्य पदार्थ (नियमन तथा नियन्त्रण) सम्वन्धी ऐन-२०८१

गाउँसभाबाट पारित मिती २०८१/०९/२६

पूर्वखोला गाउँपालिका

**पूर्वखोला गाउँपालिका**
**रिङ्नेरह, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## सुर्तीजन्य पदार्थ (नियमन तथा नियन्त्रण) सम्वन्धी ऐन-२०८१

**प्रस्तावना :**

धूमपान तथा सूर्ति सेवन मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक भएको र धूमपान तथा सुर्ती सेवनले मानव जीवनको आर्थिक सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हितको अभिबृद्धि गर्न सूर्तीजन्य पदार्थको व्यवस्थित बिक्री वितरण तथा सेवन गर्ने कार्यलाई नियन्त्रण तथा निषेध गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४(ख) १३ ले प्रदान गरेको अधिकार बमोजिम सोही ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पूर्वखोला गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१.

**१. सम्छिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम **पूर्वखोला गाउँपालिकाको सुर्तीजन्य पदार्थ (नियमन तथा नियन्त्रण) सम्वन्धी ऐन-२०८१** रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट स्विकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**सुर्तीजन्य पदार्थ"** भन्नाले धूमपान वा सुर्ती सेवनको निमित्त बनाईको वा उत्पादन गरिएको चुरोट, विँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुड्खा, हिटेड टोबाको, इ सिगरेट, इलेक्ट्रोनिक निकोटिन डेलिभरी (भेप्स), हुक्का, शिशा वा यस्तै प्रकारका अन्य सुर्तीजन्य पदार्थ सम्झनु पर्दछ ।

(ख) "**धुम्रपान"** भन्नाले चुरोट विडी सिगार, तमाखु, सुल्फा, कक्कड सुर्ती, हिटेड टोबाको, इ सिगरेट, इलेक्ट्रोनिक निकोटिन डेलिभरी (भेप्स), हुक्का, शिशा वा यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्ने काम सम्झनु पर्दछ ।

(ग) "**सुर्ती सेवन"** भन्नाले खैनी, गुड्खा, सुर्ती वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम सम्झनु पर्छ ।

(घ) "**सार्वजनिक स्थल"** भन्नाले दफा ३ मा तोकिए बमोजिमको स्थल सम्झनु पर्दछ ।

(ङ) "**व्यवस्थापक"** भन्नाले सार्वजनिक स्थलको काम कार्वाहीको सम्वन्धमा अन्तिम निर्णय गर्ने अधिकार प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक सवारीको हकमा त्यस्तो सवारी चालक समेतलाई जनाउँछ ।

(च) "**उत्पादक"** भन्नाले सुर्तीजन्य पदार्थको उत्पादक सम्झनु पर्दछ ।

(छ) "**निरीक्षक"** भन्नाले दफा १२ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्दछ ।

(ज) "**समिति"** भन्नाले दफा १८ बमोजिम गठित सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति सम्झनु पर्दछ ।

(झ) “**तोकिएको वा तोकिए बमोजिम**” भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) “**गाउँपालिका**” भन्नाले पूर्वखोला गाउँपालिका सम्झनु पर्दछ ।

(ट) “**कार्यालय**” भन्नाले पूर्वखोला गाउँपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।

(ठ) “**प्रमुख प्रशासकीय अधिकृत**” भन्नाले पूर्वखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद-२

**सुर्तीजन्य पदार्थको नियन्त्रण :**

**३, सार्वजनिक स्थल मानिनेः**

(१) देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछ :

(क) सरकारी निकाय, संस्था वा कार्यालय,

(ख) शिक्षण संस्था पुस्ताकालय तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था,

(ग) सार्वजनिक सवारीका साधान,

(घ) बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय, बाल उद्यान, क्लव भवन, टोल भवन,

(ङ) सार्वजनिक शौचालय,

(च) उद्योग तथा कल कारखानाका कार्यस्थल ।

(स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि कार्यस्थल भन्नाले उद्योग तथा कल कारखानाले काम गर्न छुट्याएको कार्यालय वा स्थल सम्झनु पर्दछ)

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,

(ज) होटल, मोटल, रिसोर्ट, होम स्टे, रेष्टुरेन्ट बार, भोजनालय, चमेनागृह, लज छात्रावास तथा अतिथिगृह,

(झ) रंगशाला कभर्ड हल शारीरिक सुंगठन व्यायम केन्द्र, पौडी पोखरी, पुल हाउस, क्रिकेट ग्राउण्ड, व्याडमिन्टन कोर्ट, भलिवल ग्राउण्ड, फुटवल ग्राउण्ड,

(ञ) डिपार्टमेन्ट स्टोर तथा मिनि मार्केट,

(ट) धर्मशाला तथा धार्मिक स्थल,

(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउन्टर ।

२) उपदफा (१) मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र सम्वेदसीलतालाई बिचार गरी गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिने छ ।

**४. सार्वजनिक स्थलमा धूमपान तथा सुर्ती सेवन गर्न नहुनेः**

(१) कसैले पनि सार्वजनिक स्थलमा धूमपान सहित कुनै पनि सुर्तीजन्य पदार्थको सेवन गर्न पाउने छैन।

**५. सूचना टाँस गर्नु पर्ने :**
व्यवस्थापकले आफूसंग सम्वन्धित सार्वजनिक स्थलको बारे ठाउँमा धूमपान तथा सुर्ती सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढन सक्ने गरी टाँस गर्नु पर्नेछ ।

**६. घर तथा निजी सवारी साधन भित्र धूमपान गर्न नहुने :**
कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधन भित्र धूमपान गर्न हुँदैन ।

## परिच्छेद-३

**सुर्तीजन्य पदार्थको विक्री बितरणमा निषेधः**

**७. बिक्री बितरण गर्न निषेध :**

(१) यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्र तोकिएका सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न राजपत्रमा सूचना प्रकाशित गरी रोक लगाउन सक्नेछ ।

(क) यस गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरि कुनै निश्चित भौगोलिक क्षेत्र गाउँ वा वडालाई सुर्तीजन्य पदार्थ सेवन मुक्त क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार रोक नलगाएको अवस्थामा यस गाउँपालिका भित्र सुर्तीजन्य पदार्थको विक्री बितरण गर्ने विक्रेताले पालिकासंग अनुमति लिएर मात्र उत्पादन तथा बिक्री बितरण गर्न पाउने छ ।

(३) सुर्तीजन्य पदार्थ विक्री बितरणका लागि तोकिएको प्रक्रिया पुरा गरि निवेदन दिने उत्पादक तथा बिक्रेतालाई गाउँपालिकाले तोकिएको दस्तुर लिई अनुमति पत्र प्रदान गर्न सक्नेछ ।

(४) सुर्तीजन्य पदार्थको प्रयोग गर्न गराउन चाहाने स्विकृत होटल/रेष्टुरेन्ट/वार/क्लबहरुले यस्को प्रयोगका लागि छुट्टै धुम्रपान क्षेत्र निर्धारण गरी मात्र प्रयोग गर्नु/गराउनु पर्ने छ ।

(५) उपदफा (२) बमोजिम प्राप्त अनुमति पत्र बार्षिक रुपमा गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको दस्तुर तिरी नबीकरण गर्नुपर्नेछ ।

(६) गाउँपालिका क्षेत्र भित्र सुर्तीजन्य पदार्थको उत्पादन गर्ने उद्योग स्थापना तथा सञ्चालन गर्न पाइने छैन ।

(७) कसैले पनि १८ वर्ष मुनिका बालबालिकाहरु, गर्भवती महिलाले सुर्तीजन्य पदार्थ खरीद विक्रीमा सहभागी गर्न वा गराउन वा निशुल्क उपलव्ध गराउन पाउने छैन ।

(८) उपदफा (६) बमोजिमको प्रयोजनका लागि सुर्तीजन्य पदार्थको विक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसंग आवश्यक प्रमाण माग गर्न सक्नेछ र विक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्वन्धित क्रेताको कर्तव्य हुनेछ ।

(९) विद्यालय, अस्पताल तथा स्वास्थ्य संस्था, मन्दिर तथा धार्मिक स्थलबाट १०० मिटर वरपर सुर्तीजन्य पदार्थको खरीद बिक्री तथा प्रयोग गर्न निषेध गरिएको छ ।

(१०) कुनै पनि सुर्तीजन्य पदार्थको बट्टा, ऱ्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ र लेबुलको बाहिरी कुल भागमध्ये कम्तिमा नब्बे प्रतिशत भागमा संघीय कानूनले तोके बमोजिमको चेतावनीमुलक सन्देश र सुर्तीजन्य पदार्थको सेवनको असरबाट भएको घातक रंगिन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छापिएको र अंकित गरेको हुनुपर्नेछ ।

**८. विज्ञापन तथा प्रायोजन गर्न नपाईने :**

उत्पादक तथा विक्रेता लगायत कसैले पनि यस गाउँपलिका भित्र पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफएम अनलाइन न्युज पोर्टल, जस्ता विद्युतीय सञ्चारमाध्यममा कुनै पनि ढंगले सुर्तीजन्य पदार्थको विज्ञापन गर्न पाइने छैन । यस्तै कुनै पनि अन्तक्रिया कार्यक्रम, कार्यक्रमको प्रायोजन, होडिङबोर्ड, फ्लेक्स, भित्ते लेखन, सुर्तीजन्य पदार्थ वा यससंग सम्बन्धित कम्पनीको लोगो, संकेत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै पनि कार्यक्रम समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

**९. प्रदर्शनमा बन्देज** :

(१) कसैले पनि सुर्तीजन्य पदार्थ प्रति आकर्षण हुने गरी सुर्तीजन्य पदार्थको सजावट गर्न पाउने छैन ।

(२) कसैले पनि सुर्तीजन्य पदार्थको कुनै पनि तरिकाबाट प्रदर्शन गर्न पाउने छैन ।

## परिच्छेद-४.

**निरीक्षण अनुसन्धान तथा मुद्धा दायरीः**

**१०. निरीक्षक सम्वन्धि व्यवस्था :**

(१) यस ऐन विपरीत गाउँपालिका क्षेत्र भित्र कुनै पनि स्थान वा सार्वजनिक स्थलमा धूमपानसहितका सुर्तीजन्य पदार्थ सेवन गरे वा नगरेको वा यस ऐन बमोजिम गर्नु पर्ने कार्यहरु पुरा गरे वा नगरेको सम्वन्धमा निरीक्षण गर्ने काम समेतको लागि प्रमुख प्रशासकीय अधिकृतले कुनै पनि अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(२) निरीक्षकले आफूले गरेको कामको विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

(३) यस ऐनमा लेखिए बाहेक निरीक्षकको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. निरीक्षण गर्न सक्ने :**

(१) कसैले यस ऐन विपरित सुर्तीजन्य पदार्थ विक्री बितरण सेवन गरे वा नगरेको वा यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पुरा गरे वा नगरेको सम्वन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूमपान वा सुर्ती सेवन गरेको वा बिक्री गरेको देखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूमपान वा सुर्ती सेवन गर्न रोक लगाउन वा विक्री बितरणमा रोक लगाउन निर्देशन दिन वा तत्काल जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन सबैले पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद-५.

**सजाय तथा पुनरावेदनः**

**१२. सजायः**

(१) कसैले पनि यस ऐन विपरित सार्वजनिक स्थलमा धूमपान वा सुर्ती सेवन गरेमा निरीक्षकले देहाय बमोजिम सजाय गर्नुपर्नेछ ।

(क) धूमपान वा सुर्ती सेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक धूमपान वा सुर्ती सेवन गरेमा त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा पाँच सय रुपैयाँ वा दुबै जरिवाना गर्न सकिने छ ।

(ख) धूमपान वा सुर्ती सेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसंग सम्वन्धित व्यक्ति वा कर्मचारी भएमा धूमपान वा सुर्ती सेवन गर्न तुरुन्त रोक लगाउने र पटक पटक धूमपान वा सुर्ती सेवन गरेमा अनुशासनमा नरहेको सरह मानि निजको सेवा सर्त सम्व्न्धी कानून बमोजिम सचेत गराउने वा अन्य विभागीय कार्वाही गर्न सिफारिस गर्ने ।

(ग) दफा ८ बिपरितको कुनै पनि काम गरेमा कसुर हेरी पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(घ) दफा ७ र ९ बिपरितको कुनै काम गरेमा उक्त काम गर्नेलाई प्रथम पटकका लागि दश हजार दोस्रो पटक भएमा पच्चीस हजार र तेस्रो पटक भएमा पचास हजार रुपैयाँ जरिवाना र दर्ता खारेज गर्न सक्नेछ।

(२) उल्लेखित जरिवाना वापत लिएको रकम गाउँपालिकाको सञ्चीत कोष खातामा जम्मा गर्नुपर्नेछ ।

**१३. पुनारावेदन :**

निरीक्षकले गरेको कारवाही र जरिवाना उपर प्रमुख प्रशासकीय अधिकृत समक्ष सात दिन भित्र पुनरावेदन दिन सकिनेछ । र प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा सो निर्णय भएको मितिले पैतिस दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-६.

**विविधः**

**१४. अनुगमन समिति :**

सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन गर्न तथा यस ऐनको पालना भए नभएको अनुगमन गर्न गाउँपालिकाले एउटा अनुगमन समिति बनाउन सक्नेछ ।

**१५. अनुगमन समितिको काम कर्तव्य र अधिकारः**

**(१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानूनको सम्वन्धमा गाउँ कार्यपालिका समक्ष सुझाव पेश गर्ने,

(ख) धूमपान तथा सुर्ती सेवनलाई निरुत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्वन्धमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) धूमपान तथा सुर्ती सेवनको लतमा लागेकाहरुलाई सो बाट छुटकारा दिलाई स्वस्थ्य जीवनयापनको लागि आवश्यक उपाय अवलम्बन गर्ने,

(घ) निरीक्षकको काम कारवाहीको अनुगमन तथा मूल्यांकन गर्ने,

(ङ) निरीक्षकको काम कार्वाहीको सम्वन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,

(च) सुर्तीजन्य पदार्थको आयात, उत्पादन विक्री वितरण र उपभोग नियन्त्रण र निषेध गर्नका लागि आवश्यक काम गर्ने,

(छ) ऐनले तोके बमोजिमको व्यवस्था कायम गराउन बजार अनुगमन गर्ने ।

**१६. खानतलासी गर्न सक्ने :**

(१) गाउँपालिकाकाले सुर्तीजन्य पदार्थको खानतलासी गर्नु अगाडी अनुसूची (१) बमोजिमको ढाँचामा खानतलासीको सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासीको सूचना दिई खान तलासी गर्दा बरामद भएका सुर्तीजन्य पदार्थलाई अनुसूची (२) बमोजिमको ढाँचामा बरामदी मुचुल्का तयार गर्नुपर्नेछ ।

**१७ जफत गरेको सुर्तीजन्य पदार्थ नष्ट गर्नुपर्ने :**

(१) गाउँपालिकाले यस ऐन बमोजिम जफत गरेको सुर्तीजन्य पदार्थ नष्ट गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सुर्तीजन्य पदार्थ नष्ट गर्दा अनुसूची ३ बमोजिमको सुर्तीजन्य पदार्थ नष्ट मुचुल्का तयार गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सुर्तीजन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा बातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी नष्ट गर्नु पर्नेछ ।

**१८. नियमन तथा कार्यविधि बनाउन सकिने :**

यस ऐनको उदेश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यकता अनुरुप नियम तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**१९. सहयोग गर्नु पर्ने :**

यस ऐन बमोजिमको कुनै पनि काम कार्वाही सम्पन्दन गर्ने सिलसिलामा व्यवस्थापक वा निरीक्षकले स्थानीय प्रहरी तथा प्रशासनको सहयोग लिन सक्नेछ ।

**२०. ऐनको व्याख्या :**

यस ऐनको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा निहीत रहनेछ ।

**२१. संसोधन बचाउ र खारेजीः**

यो ऐन संसोधन वा खारेज गर्न आवश्यक देखिएमा गाउँ सभाले संसोधन वा खारेज गर्न सक्नेछ । यो ऐनमा लेखिएका कुराहरु संघीय कानून, प्रदेश कानूनसंग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची १

(दफा १६ को उपदफा १ संग सम्वन्धित )

**खानतलासी गर्ने सूचना**

श्री ......................................

ठेगाना ......................................

.................................. उजुरीले तपाईंको घर/पसलमा पूर्वखोला गाउँपालिकाको सुर्तीजन्य पदार्थ (नियमन तथा नियन्त्रण) सम्वन्धी ऐन-२०८१ बमोजिम यस क्षेत्र भित्र चुरोट, विँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुड्खा, हिटेड टोबाको, इ सिगरेट, इलेक्ट्रोनिक निकोटिन डेलिभरी (भेप्स), हुक्का, शिशा वा यस्तै प्रकारका अन्य सुर्तीजन्य पदार्थ विक्री वितरण तथा सेवनमा निषेध गरिएकोमा तपाईंले आफ्नो पसल/घरमा राखी हालसम्म विक्री वितरण/सेवन गरिरहेको भन्ने जन गुनासो मौखिक/लिखित रुपमा प्राप्त भएको हुँदा उक्त निषेधित चिज बस्तु घर/पसल/जग्गा खान तलासी गर्न तपाईंलाई यो सूचना प्रदान गरिएको छ। उक्त कार्यमा सहयोग पुरयाईदिनुहुन अनुरोध छ।

खानतलासी गर्ने अधिकृत : ...........

मिति : ..............................

**अनुसूची २**

**(दफा १६ को उपदफा २ संग सम्वन्धित)**

**बरामदी/खानतलासी मुचुल्का**

श्री पूर्वखोला गाउँपालिका वडा नं ............स्थित खडा गरिएको सुर्तीजन्य पदार्थ विक्री वितरण/सेवनसंग सम्बन्धित चिज बस्तु/ठाँउ/पसल/घर/मानिसको बरामदी/खानतलासी मुचुल्का।

१) सूचना दिने

२) खानतलासी गर्ने अधिकारी वा कर्मचारीको अग्रिम तलासी लिनु पर्ने भएमा सो लिएको विवरण :

३) बरामदी/खानतलासी गरिएको चिज बस्तु/ठाँउ/घर/पसल रहेको चार किल्ला सहितको विवरण

४) बरामद भएको निषेधित सामानको विवरणः

५) देखे बमोजिम दस्तखत गर्ने साक्षीहरुको नाम, थर, बतन, उमेर र दस्तखत,

१. .........................

२. ............................

३. ...............................

६) रोहबरमा बस्नेहरुको नाम थर उमेर र दस्तखत

७)

(क) खानतलासी गर्ने अधिकृतले मेरो घर, चिज, बस्तु, शरीर खानतलासी लिँदा आफ्नो तलासी दिई इज्यतसाथ मेरो घर/पसल, ठाउँको तलासी लिएको र घरको वा पसलको मुचुल्कामा उल्लेखित सामान बाहेक मेरो कुनै पनि सामान हिना मिना भएको छैन भनि दस्तखत गर्ने घर, पसल, धनी

श्री ........................................

गा.पा.बस्ने .........वर्षको ......................................................

काम तामेल गर्ने .......................................

खानतलासी/बरामदी गर्ने अधिकारी : .................................

अन्य कर्मचारी : ................

मिति : .....................

समय : ............................

अनुसूची ३

(दफा १७ को उपदफा २ संग सम्वन्धित)

**सुर्तीजन्य पदार्थ नष्ट मुचुल्का**

लिखितम तपशील बमोजिममा रही सुर्तीजन्य पदार्थ नष्ट मुचुल्का कागजमा सहिछाप गर्ने मानिसहरु आगे पूर्वखोला गाउँपालिकाको सुर्तीजन्य पदार्थ (नियमन तथा नियन्त्रण) सम्वन्धी ऐन-२०८१ ले पूर्वखोला गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक स्थलहरुमा धूमपान तथा सुर्तीजन्य पदार्थको सेवन तथा विक्री वितरण गर्न प्रचलित कानून, सदाचार र सार्वजनिक हित तथा भलाईको दृष्टिकोणले निषेध गर्ने निर्णय भए बमोजिम विभिन्न सार्वजनिक स्थलहरुबाट विभिन्न समयमा खुला रुपमा विक्री वितरण तथा सेवन गरेको पाइएकोले नियम अनुसार यस कार्यालयबाट अनुगमनका लागि खटिएका कर्मचारीहरुबाट बरामद गरी ल्याइएका.................................................. सुर्तीजन्य पदार्थ...............केजी /थान/प्याकेट पूर्वखोला गाउँपालिकाको सुर्तीजन्य पदार्थ (नियमन तथा नियन्त्रण) सम्वन्धी ऐन-२०८१ को दफा १७ को उपदफा २ बमोजिम खाल्टो खनी/जलाई उल्लेखित परिमाणको निषेधित चिज/बस्तु हाम्रा अगाडी नष्ट गरेको ठिक साँचो हो भनी सहिछाप समेत गरी पूर्वखोला गाउँपालिकाबाट खटि आएका डोर कर्मचारी मार्फत पूर्वखोला गाउँपालिकामा चडायौँ ।

**तपशील** :

जिल्ला प्रशासन कार्यालय पाल्पा प्रतिनिधि ............................................

जिल्ला प्रहरी कार्यालय पाल्पा प्रतिनिधि ...................................................

पूर्वखोला गाउँपालिका स्वास्थ्य शाखा प्रतिनिधि.............................................

पूर्वखोला गाउँपालिका गाउँ पालिका प्रहरी प्रतिनिधि ....................................

**रोहबर :**

पूर्वखोला गाउँपालिकाका जनप्रतिनिधि ..................................................

काम तामेल गर्ने : ........................................................................

ईति सम्वत.............साल.............. महिना ..........गते रोज ...............शुभम्

आज्ञाले,
सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

गाउँसभाबाट पारित मितिः२०८१/०९/२६

प्रमाणीकरण गर्ने :नुन बहादुर थापा, अध्यक्ष

हस्ताक्षर :

प्रमाणीकरण मितिः २०८१/१०/०३

पूर्वखोला गाउँपालिका